# रत्ननगर नगरपालिकाको

## तेश्रो पक्ष मूल्याङ्कनकर्ता छनौट गर्ने सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति २०७५।०४।१७

**सूचना ! सूचना !! सूचना !!!**

प्रस्तुत विषयमा यस रत्ननगर नगरपालिकाको आ.व. २०७५/०७६ देखि रु. ५० लाखभन्दा माथिका सम्पूर्ण योजनाहरु तेश्रो पक्ष मूल्याङ्कनकर्ता (Third Party Evaluator) बाट मूल्याङ्कन गर्ने निर्णय भए अनुसार यस आ.व. २०७५/०७६ का लागि मूल्याङ्कनकर्ताको रुपमा प्रस्तुत हुन सक्ने शैक्षिक संस्था, अनुसन्धान केन्द्र, परामर्शदाता संस्था आदिबाट यो सूचना प्रकाशित भएको मितिबाट ७ (सात)औं दिन १२ बजेसम्म यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन आह्वान गरिएको छ । अनुसन्धान केन्द्र र परामर्शदाता संस्थाको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट उल्लिखित कार्य गर्न प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणीत कागजात समेत संलग्न गरी रितपूर्वक पेश गर्नुपर्नेछ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन